# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ भदौ २०८०

# सोमवार

# बैठक सङ्ख्या- ३९

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१३:०४ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री जयन्ती देवी राईः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि सदनमा छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिवेदनमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूको नाम प्राप्त हुन आएको छ । अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु ।

माननीय सुरेश कुमार आलेमगर । समय ६ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**(१३:०९ बजे)** **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, आज हामी एउटा महत्त्वपूर्ण विषय संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदनमाथि छलफल गरिरहेका छौं । धेरै कुराहरू त यो जुन प्रतिवेदन तयार पारिएको छ, पेस गरिएको छ र यहाँहरूको हात हातमा पनि छ, त्यसमा पनि उल्लेख नै छ । तैपनि केही कुराहरू यस सन्दर्भमा राख्नुपर्दा सबभन्दा पहिले त म के भन्न चाहन्छु भने हामीले २०७२ सालमा नयाँ संविधानको निर्माण गर्यौं । तत्कालीन संविधान सभाले यो संविधान बनायो । धेरै कुराहरू यसमा अग्रगामी नै छन्, केही कुराहरूका बाबजुद । तथापि, त्यसो हुनुका बाबजुद पनि यसमा थुप्रै कानुन बन्न बाँकी नै रहेछन्, बाँकी नै थिए, बाँकी नै छन् । र ती कानुनहरू बन्नुपर्ने थियो, बन्नु जरुरी छ भन्ने हामीले ठहर गरेर, हाम्रो विधायन व्यवस्थापन समितिले त्यो ठहर गरेर, त्यसको लागि, संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन गर्नका लागि एउटा उपसमितिको निर्माण गरेको थियो । त्यसको संरचनाको बारेमा पनि म धेरै भन्न चाहन्नँ, त्यो पनि प्रतिवेदनमै छ । र समयको पनि अलिकति दबाब नै छ ।

त्यसकारणले यो कुरा नराखिकन म मात्र के कुरा भन्न चाहन्छु भने यस्ता, यो अध्ययन गरेर, यो संविधानअनुसार बन्न बाँकी कानुनहरूको बारेमा एउटा listing, एउटा प्रतिवेदन तयार पार्नका लागि हामीले जुन उद्देश्य चयन गरेका, तय गरेका थियौं, ती यस प्रकार रहेका थिए- संविधान कार्यान्वयनका लागि अत्यावश्यक र अनिवार्य कानुनहरूमध्ये बन्न बाँकी कानुनहरूको सूचीकरण गर्ने, संविधान कार्यान्वयनका लागि अत्यावश्यक कानुन निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउने र ती कानुन निर्माणमा सम्बद्ध सरोकारवालाहरूलाई जवाफदेही बनाउने । यो तीनटा उद्देश्यका साथ हामीले अध्ययन गरेका थियौं । संविधान, यो नयाँ संविधानमा हामी आद्योपान्त हामीले गरेका थियौं, उपसमितिमा आद्योपान्त गरेका थियौं र तद्अनुरूप हामीले एउटा list पनि तयार पारेका थियौं । त्यति मात्र होइन कि एउटा field study पनि हामी गर्न गएका थियौं । विभिन्न तहमा, विभिन्न तहमा अध्ययन गर्ने भन्ने हाम्रो चैं सोचाइ थियो । तर समयको अभावको कारणले त्यो चैं सम्भव हुन सकेन । तर स्थानीय तह, एक/दुईवटा स्थानीय तहमा पनि हामीहरू गयौं र त्यहाँ यो संविधान निर्माण हुँदाखेरिको के प्रक्रिया के छ? उनीहरूले कसरी कानुन बनाएका छन्, निर्माण गरेका छन्? भन्ने हामीले अध्ययन गर्‍यौं । र त्यसको आधारमा हामीले एउटा निचोड निकालेका थियौं । हामीले के पायौं त भन्दाखेरि संविधानमा बन्न बाँकी कानुनहरूमध्ये पनि तुरुन्तै बन्नुपर्ने, संविधानमा नै दुई/तीन वर्षभित्रै बन्नुपर्ने स्पष्टसँग उल्लेख भएको बाँकी कानुन पनि हामीले बनेको पाएनौं । उदाहरणको लागि- दलितसम्बन्धी कानुन, दलितसम्बन्धी कानुन दुई/तीन वर्षभित्र बन्नुपर्ने । त्यस्तै अरू सबै विभिन्न कानुनहरू थिए तर त्यो कानुन पनि बनेन । दलित समुदाय, सबैभन्दा उत्पीडित समुदाय, पीडितमा रहेको समुदायको सम्बन्धमा पनि बनेन । त्यस्तै गरी अन्य थुप्रै आदिवासी, जनजाति, दलित, मधेसी, महिला, मजदुर, किसान, यी सबै बारेमा पनि बन्नुपर्ने संविधानहरू बनेनन् । र यतिबेला उत्पीडित समुदायका जनताले यो सरकार, सम्माननीय प्रधानमन्त्री "प्रचण्ड" ज्यूको नेतृत्वमा रहेको यो सरकारप्रति उत्पीडित आदिवासी, जनजाति, दलित, मधेसी, महिला, सबै उत्पीडित समुदायले बडा आशाको दृष्टिले हेरेका छन् । संवेदनशील, गम्भीर, योबारेमा सकरात्मक सरकार छ भन्ने उनीहरूको सोचाइ रहेको छ । यस्तो सरकार हुँदाखेरि पनि यसतर्फ तदारुकता नदेखेको हुँदा, यसतर्फ पहलकदमी नभएको हुँदा, अलिकति के हो? कसो हो? भन्ने खालको एक प्रकारको सोचाइ उनीहरूमा परेकै छ । त्यसकारणले गर्दाखेरि यतातर्फ, यो दिशातर्फ सम्माननीय प्रधानमन्त्रीज्यू पनि आज हाम्रो माझमा नै उपस्थित हुनुहुन्छ, सम्माननीय अध्यक्षज्यूमार्फत म उहाँहरूको ध्यान, यो सरकारको ध्यान केमा दिलाउन चाहन्छु भन्दाखेरि यो संविधानअनुसार बन्न बाँकी जुन कानुनहरू छन्, १८१ वटा कानुनहरू, हामीले listing गरेअनुसार १८१ कानुन विभिन्न sector सँग सम्बन्धित, विभिन्न समुदायसँग सम्बन्धित, विभिन्न विषय सँग सम्बन्धित यी

कानुनहरू छन् । यी कानुनहरूको निर्माणको बारेमा सम्बन्धित सरकारले तदारुकता देखाउने छ, पहलकदमी लिने छ भन्ने हामीले अपेक्षा गर्न चाहन्छौं । र यसको लागि सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई यसतर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो कानुनहरू, १८१ वटा कानुनहरूको बारेमा यतिबेला हामी चैं यहाँ म समयको अभावका कारण धेरै चर्चा गर्न सक्दिनँ । यो प्रतिवेदनमा हामीले उल्लेख गरेकै छौं । यो सरकारले यो प्रतिवेदनलाई गम्भीर रूपमा लिएर, यसको चैं गहिरो अध्ययन गरेर त्यसतर्फ अविलम्ब कदम चाल्ने छ भन्ने अपेक्षा हामी यतिबेला गर्न चाहन्छौं । र कानुनको सम्बन्धमा, यी त भए संविधानअनुसार बन्न बाँकी कानुनको सन्दर्भमा केही कुरा । तर कतिपय कानुन यस्ता छन्, जो बनेकै छैनन् । बन्नुपर्ने थियो तर बनेकै छैनन् । संविधानअनुसार होइन संविधानमै पनि उल्लेख छैन । त्यस्ता कानुनहरू पनि अझै बन्न बाँकी छन् । देशको लागि आवश्यक, जनताको लागि आवश्यक, विभिन्न समुदायहरूको लागि आवश्यक, त्यस्तो कानुन पनि बन्न बाँकी नै छन् । त्यसको साथसाथै बनेका कानुनहरू पनि असान्दर्भिक, अप्रासङ्गिक र औचित्यहीन, अनावश्यक भइसकेका छन् । त्योबारेमा पनि अध्ययन गर्न बाँकी नै छ भने कतिपय कानुनहरू, कतिपय कानुनहरू चैं बेमेल छ, विसङ्गति छ । त्यो अहिलेको सन्दर्भमा मेल खाँदैन । त्यसलाई संशोधन गर्नुपर्ने छ । यी थुप्रै थुप्रै कानुनहरू छन्, जुन बारेमा अध्ययन गर्न बाँकी नै छ । तर यतिबेला भने यो हाम्रो उपसमिति संविधानअनुसार बन्न बाँकी कानुनहरूमै केन्द्रित रह्यो । तदनुरूप हामीले यो, यसको एउटा प्रतिवेदन तयार पारेका छौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ९ मिनेट । यसपछि माननीय अनिता देवकोटा ।

(१३ः१२ बजे) **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यू, आज हामी महत्त्वपूर्ण विषयमा छलफल गर्न गइरहेका छौं । हामीले प्राप्त गरेको संघीय लोकतन्त्र, गणतन्त्रसहितको संविधान चाहिँ छ । त्यो संविधानबमोजिम बन्न पर्ने कानुनका सन्दर्भमा समयसीमाभित्र चाहिँ कानुन कतिपय बनाउनुपर्थ्यो । सरकारले बनाउन सकेन । र सरकारले बनाउन नसकेपछि धेरै कुराहरू तल चाहिँ विभिन्न सरोकार राख्ने संस्थाहरू, सरोकार राख्ने व्यक्तिहरू, विभिन्न तहबाट कुराहरू उठे । ती कुरा उठिसकेपछि हामीले सदनबाट पनि

सरकारलाई यसतर्फ ध्यानाकर्षण हामीले गरायौं । त्यसपछि पनि ध्यानाकर्षण भएपछि पनि कुराहरू अगाडि नबढेपछि र फेरि पनि हामीले विधायन व्यवस्थापन समितिमा सबैको सहमतिले एउटा उपसमिति बनाएर हामीले एउटा निष्कर्षसहित सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानुन आयोगसँग पनि बृहत् छलफल गरेर संविधान जो चाहिँ प्रदत्त अधिकार छन् । ती सबै कुराहरूलाई ध्यान दिएर हामीले बनाउन पर्ने कानुन कति छन् त भन्ने सन्दर्भमा छलफल गर्दै गर्दा करिब १८१ ओटा कानुनहरू बनाउनुपर्ने बाँकी चाहिँ रहेछन् । त्यसमध्ये १५१ ओटा कानुनहरू संघसँग जोडिएका छन् । र त्यसै गरी प्रदेशले २४ ओटा कानुन बनाउनुपर्ने र स्थानीय तहले ६ ओटा कानुन बनाउनुपर्ने छन् । र संघले १५१ मध्ये तत्काल नबनाइ नहुने कानुनहरू ४० ओटा रहेका छन् । र संघीयता कार्यान्वयनको निम्ति पहिलो सर्त भनेको तीन तहमा जनशक्ति व्यवस्थापन गर्नु चाहिँ हो । जबसम्म त्यो जनशक्ति व्यवस्थापन गर्दैनौं, तबसम्म संविधान कार्यान्वयन हुन सक्दैन । त्यसो हुँदाखेरि शासकीय संरचनालाई हामीले तीन तहमा संघ, प्रदेश र स्थानीय तहमा भनिसकेपछि राज्य शक्तिको प्रयोग पनि तीनै ठाउँबाट हुन सक्छ । यसले गर्दा संघीयतालाई कार्यान्वयन गर्नको निम्ति पनि तीनै तहमा यो जनशक्ति व्यवस्थापन गर्नुपर्छ भन्ने कुरो हामी सबैलाई लागेकै विषय चाहिँ हो ।

सम्माननीय अध्यक्षज्यू, म सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय प्रधानमन्त्रीज्यूले आफू प्रधानमन्त्री भइरहँदा, मैले दुईचोटि प्रधानमन्त्री यसभन्दा अगाडि चाहिँ भएँ, यो मेरो तेस्रो कार्यकाल हो, तेस्रो कार्यकालमा मैले विगतका अनुभवहरूलाई सङ्गाल्दै म केही कुरा गर्न चाहन्छु, केही राम्रो काम गर्न चाहन्छु भनेर भन्नुभ'को थियो । हामी सबैलाई आशा पनि लागिरहेको थियो । विकास र समृद्धिको हिसाबले म ध्यान दिने छु, सुशासन र पारदर्शितामा म ध्यान दिने छु र सहकार्य, समन्वय र छलफलद्वारा म त्यसप्रति म चाहिँ प्रतिबद्धता रहने छु, त्यसअनुसार म अगाडि बढ्ने छु भन्नुभ'को थियो । र सरकारका न्यूनतम साझा कार्यक्रम र कार्यक्रमहरू राख्ने सवालमा त्यही गएको हिउँदे session मा जसलाई हामी विधेयक session भनेर चिन्दछौं, त्यो session मा वहाँले के पनि भन्नुभ'को थियो भन्दा निजामती सेवा ऐन, शिक्षा ऐन, प्रहरी ऐन, स्वास्थ्य ऐन, विश्वविद्यालय छाता ऐन र सार्वजनिक खरिद ऐनलगायतका थुप्रै विधेयकहरू यही सदनमा ल्याउने छु भन्ने कुराहरू भन्नुभ'को चाहिँ थियो । तर आज हामी देखिरहेका छौं, ती कुनै पनि विधेयकहरू गएको सदनमा सरकारले ल्याउन प्रयत्न गरेन ।

म सम्माननीय प्रधानमन्त्रीज्यूलाई, सम्माननीय अध्यक्षज्यूमार्फत म फेरि पनि भन्न चाहन्छु, भर्खरै एउटा शिक्षा विधेयक मन्त्रिपरिषद्बाट पास भयो । त्यो विधेयक पास भइसकेपछि

विधेयक पास हुनुभन्दा पूर्व सबै मन्त्रालयमा पठाइन्छ । २४ घन्टाभित्र मन्त्रीहरूले आफ्नो रायसहित विधेयकको अध्ययन गरेर आउनुपर्ने प्रावधान चाहिँ छ । मन्त्रिपरिषद्मा विधेयक शाखा भन्ने चाहिँ छ । र त्यो शिक्षा विधेयक पास भइसकेपछि हामी सबैलाई खुसी लागेको थियो । कि त्यो विधेयक अब चाहिँ प्रतिनिधि सभा अथवा राष्ट्रिय सभामा पेस हुन्छ भन्ने कुरा हामीले सोचिरहेका थियौं तर त्यो विधेयक प्रतिनिधि सभा, राष्ट्रिय सभामा पेस नहुँदै बाहिरियो । हाम्रो सूचना प्रणाली कस्तो चाहिँ छ? विधेयक चाहिँ बाहिरियो । बाहिर भइसकेपछि सरोकारवालाहरूले एउटा दबाबपूर्ण type को आन्दोलन गर्ने चेतावनी स्वरूप चाहिँ थुप्रै कुराहरू बाहिर आए । हामी अचम्मित भयौं । सदनमा पेस भएको छैन । माननीयज्यूहरूको हातमा परेको छैन तर

सरोकारवालाहरूको बिचबाट आन्दोलन गर्ने कुराहरू आइसकेपछि सम्माननीय प्रधानमन्त्रीज्यूले एउटा कार्यक्रममा यो विधेयक पास गरिरहँदा जसरी पास भएको थियो, त्यो original बाट duplicate हुन पुगेछ । केही प्रावधानहरू राखिएका कुराहरू फेरिएछन् । त्यसले गर्दा फेरि पनि एउटा सच्चाएर ल्याउने कुराहरू भन्नुभ'को चाहिँ छ । हामीलाई के ला'को छ भन्दा हाम्रो प्रधानमन्त्रीज्यू बोल्नुहुन्छ, बहुमतसहितको समर्थनमा प्रधानमन्त्री हुनुभ'को छ । आफूले गरेको निर्णयको पक्षमा सात दिनसम्म पनि उभिन नसकेर यदि त्यो विधेयकमा अथवा त्यो मस्यौदा विधेयकमा केही कमजोरी थियो भने त त्यसलाई सच्याउने थुप्रै संवैधानिक बाटाहरू चाहिँ छन् । चाहे त्यो प्रतिनिधि सभा होस, चाहे त्यो राष्ट्रिय सभामा होस्, ती संवैधानिक बाटाहरूअनुरूप हामीले सच्याउन सक्छौं । तर हाम्रो देशको बहुमत प्राप्त प्रधानमन्त्री आफूले गरेको निर्णयप्रति किन उभिन सक्नुभएन? हाम्रो देशको प्रधानमन्त्रीलाई कसले त्यो खालको दबाब दियो? या त विधेयक शाखामा रहने कर्मचारीहरूले misuse गरे या मुख्यसचिवले चाहिँ राम्रो खालको जवाफ दिनुभएन अथवा मन्त्रीज्यूहरूलाई पढ्न दिइएको विधेयक पनि मन्त्रीज्यूहरूले पढ्नुभयो या भएन । यो त सम्माननीय प्रधानमन्त्रीज्यूको, त्यो जुन अहिले ती viral भ'को छ । त्यो viral भ'को अभिव्यक्तिले के देखाउँछ भने हामी कुन दुनियाँमा छौं र हामीलाई कसले निर्देशन गरिरहेको छ हामी कोद्वारा परिचालित छौं । यसले गर्दाखेरि यस्तो नहुनका निम्ति हामीले सोच्नुपर्ने हो । तर आज त्यो कुराले हामी सबैको देशको प्रधानमन्त्री यस्तो कुरा बोलिरहँदा वास्तवमा नेपाललाई कसले चलाइरहेको छ । नेपाल कोबाट निर्देशित छ भन्ने कुरो हामीलाई चिन्ता लागिरहेको छ । एउटा पार्टीको दलको नेताको हिसाबले पार्टीको अध्यक्षको नाताले बोल्दा केही फरक पर्दैन । तर देशको प्रधानमन्त्रीले बोलिरहँदा त्यसले धेरै कुरा चाहिँ प्रभाव चाहिँ पार्छ । अबका दिनमा त्यस्तो नहुन् भन्नका निम्ति हामी म सम्माननीय अध्यक्षज्यूमार्फत प्रधानमन्त्रीज्यूको म ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को चाहिँ अहिले हाउसमा एउटा पनि विधेयक हामीसँग छैन । योभन्दा अघिल्लो session मा पनि कुनै विधेयक सदनमा पेसै भएन । एउटा मात्रै यो विद्युतीय व्यापारसम्बन्धी विधेयक पेस भ'को चाहिँ थियो । त्यो समितिमा ग'को छ । अर्को गैरसरकारी विधेयक संवैधानिक जो व्यवस्था छ । गैरसरकारी विधेयक हामी राष्ट्रिय सभामा रहेका सबै दलहरूको समर्थनमा त्यो हामीले विधेयक लिएर आएका थियौं । त्यो विधेयक पनि आज समितिमा छ । गृहमन्त्रीज्यूले चाहिँ के भन्नुभ'को छ भने त्यसको अध्ययन गर्नका निम्ति मलाई केही समय चाहियो भन्नुभ'को छ । त्यो अध्ययन कहिलेसम्म हुने हो? र त्यो यदि राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयकलाई त्यसमा केही कुराहरू संशोधन गर्नु छ भने प्रतिनिधि सभाले लिएर चाहिँ संशोधन गर्दा चाहिँ हुन्छ । तर त्यो विधेयकको पक्षमा अहिलेको वर्तमान सरकार छ या छैन भन्ने विषयमा हामीलाई चिन्ता चाहिँ लाग्छ । त्यसै गरी यो के भन्दा अध्यागमन विधेयक, २०७६ मा आ'को विधेयक सबै प्रक्रियाहरू पूरा गरेर सदनमा पारित गरियोस् भन्ने तहमा आइसकेको विधेयकलाई गृहमन्त्रीज्यूले फेरि पनि त्यो अध्ययनको निम्ति गृहमन्त्रालयमा लिएर राखु चाहिँ भो' । त्यो अध्यागमन विधेयक भनेको नेपालबाट बाहिर जाने नेपाली नागरिकहरूलाई कसरी प्रस्थान गर्नुहुन्छ? र त्यसरी विदेशबाट आउने नागरिकहरू हाम्रो देशमा आउने कसरी आगमन वहाँहरूको हुन्छ? यी कुराहरूलाई व्यवस्थित गर्न बनेको विधेयक अध्ययन गर्न, २०७९ साल असार ५ गते अध्ययन गर्न लिएको एउटा विधेयक अहिलेसम्म गृह मन्त्रालयको गृहमन्त्रीज्यूलगायतको त्यो टिमले अध्ययन गर्न सकेन । १ वर्षभन्दा पनि १४ महिना भैसक्यो । विद्यार्थीहरूले १ वर्ष पढेपछि एउटा class उत्तीर्ण गर्छन् । तर आज हाम्रो देशको गृहमन्त्री प्रधानमन्त्री स्वयंज्यूलाई गुमराहमा पारेर, यो अध्यागमनसम्बन्धी विधेयक कुनै दल विशेषको छैन यो हामी सबैले ल्याएको विधेयक । यदि यसप्रति कुनै प्रावधान त्यस्ता छन् भने प्रतिनिधि सभामा लिएर चाहिँ त्यसलाई संशोधन गर्न सकिन्छ । तर यति सजिलै संशोधन गर्न सक्ने प्रावधानलाई पनि फेरि पनि कुनै शक्तिले त्यस्तो खालको केही आदेश वा निर्देशन दिएर रोकेको हो कि? हामीलाई शङ्का लाग्छ । अब अहिले यो हाउसमा चाहे प्रतिनिधि सभा होस्, चाहे राष्ट्रिय सभा होस्, कुनै पनि विधेयक अब हामीसँग छैन । हामी संघीयताको कुराहरू हामी नै गर्छौं । धर्मनिरपेक्षताका कुराहरू हामी नै गर्छौं । गणतन्त्रका कुराहरू हामी नै गर्छौं । र हामी समावेशिताका कुराहरू गर्छौं र यो सार्वभौम सदनलाई विधेयकविहीन कहिले पनि बनाउने छैनौं भन्ने कुरा हामी भन्छौं तर पनि आज सार्वभौम सदन विधेयक नभएर, अब यसरी चाहिँ विधेयक हामीसँग कुनै पनि विधेयकहरू छैन । सरकार कहाँ चाहिँ छ? सरकारले ल्याउनुपर्छ भनेका विधेयकहरू किन ल्याउँदैन? अनि १५१ ओटा विधेयकहरू संघसँग जोडिएका छन् । त्यसमध्येमा ४० ओटा विधेयकहरू नल्याई नहुने खालका छन् । त्यसतर्फ अध्यक्षज्यूमार्फत

सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । छिटोभन्दा छिटो..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय ८ मिनेट । यसपछि माननीय मदन कुमारी शाह (गरिमा) ।

**(१३:२१ बजे) माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन सभामा पेस भई माननीयज्यूहरूको हातमा छ । हामी सोही प्रतिवेदनमा छलफलमा रहेका छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूको समयको चापका कारण हामी समयको लक्ष्मण रेखाभित्र रहेका छौं । यो विधायन समिति राष्ट्रिय सभाको विधायन समितिको उपसमितिको संयोजन गर्ने अवसर प्राप्त भएको हो । अवसर प्राप्त भइरहँदा, हामीले उक्त अध्ययन गरिरहँदा हामीले देहायबमोजिम उद्देश्य निर्धारण गरेका थियौंः संविधानमा कार्यान्वयनका लागि आवश्यक र अनिवार्य कानुनहरूमध्ये बन्न बाँकी कानुनहरूको सूचीकरण गर्ने, संविधान कार्यान्वयनको लागि आवश्यक कानुनहरू निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउने, ती कानुन निर्माणसम्बद्ध सरोकारलाई जवाफदेही बनाउने । अध्ययनका क्रममा हामीले नेपालको संविधानमा रहेका कुन कुन प्रबन्धले कानुन माग गर्दछ भन्ने आधारमा सूचीकरण गरी सो विषयमा कानुन रहे नरहेको अवस्था के छ भनी एक एक धारा केलाउँदै अध्ययन गरेका थियौं । हामीले नेपालको संविधानमार्फत र राजनीतिक व्यवस्थाले रूपान्तरण त गऱ्यौं तर संविधान कार्यान्वयनका लागि सबैभन्दा बढी पहिले आवश्यक पर्ने उपकरणका रूपमा रहने कानुनको प्रबन्ध गर्न सकेनौं । हो, आजको भोलि ती सबै कानुनहरू बनाउन सम्भव त थिएन । तर संविधान जारी भएको ८ वर्ष पूरा हुन एक महिनाभन्दा कम बाँकी छ । के हाम्रो गति ठिक रफ्तारले गइरहेको छ त? मूल्याङ्कन गर्न धेरै ढिला भइसक्यो । प्रस्तुत अध्ययन पनि त्यसैको उपज हो भन्ने मलाई लाग्दछ ।

सम्माननीय अध्यक्षज्यू, राज्य शक्तिको प्रयोग सुसञ्चालनका लागि संविधानमा अतिरिक्त कानुनको पनि आवश्यकता पर्छ भन्ने कुरामा हामीले समयमा बुझ्न सकेनौं कि? जबसम्म संविधानअनुसार विधायिकी कानुन र त्यसको कार्यविधिगत विषयमा नियम कार्यविधि बन्दैनन्, हाम्रा अधिकारहरू अधुरा रहन्छन् ।

सम्माननीय अध्यक्षज्यू, संविधानमा बाध्यात्मक बनाइएका मौलिक हकसम्बन्धी कानुनहरू हामीले केही त बनायौं । संविधानको धारा ४७ ले तीन वर्ष भनेर सीमा तोकेका कारण हामी हतार हतारमा संसदमा राम्रोसँग छलफल नगरेर १३ ओटा ऐनहरू पारित गऱ्यौं । तर धेरै त्यस्ता कानुनहरू बन्न सकेका छैनन् । जस्तोः धारा ३१ मा महिलाको हकसम्बन्धी कानुन, महिलाको समग्र पक्षलाई समेटेर विशेष व्यवस्था गर्नुपर्ने यो मौलिक हकभित्रको, यो ३ वर्षभित्र बनाउनुपर्ने कानुन रहेको छ । त्यसै गरी संविधानको धारा ४० (५) र (६) मा भूमिहीन दलितलाई एकपटकको लागि जग्गा र आवासविहीनका लागि बसोबासको प्रबन्ध गर्ने भन्ने कुराहरू पनि यो मौलिक हकभित्र भएको कुरा संविधान जारी भएको ३ वर्षभित्र निर्माण गर्नुपर्ने, आजसम्म निर्माण भएका छैनन् । यस अध्ययनले संवैधानिक प्रबन्धका आधारमा कम्तीमा पनि १८१ ओटा कानुनहरू तर्जुमा गर्नुपर्ने गरी पहिचान गरेको छ । त्यसमध्ये संघीय क्षेत्राधिकारमा १५१ ओटा, प्रदेश क्षेत्राधिकारमा २४ र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने ६ ओटा रहेका छन् । संघको क्षेत्राधिकारको १५१ मध्ये ४० ओटा कानुनहरू कतिपय जारी हुन बाँकी देखिएका छन् भने कति संविधान अनुकूल नबनाई नहुने प्रकृतिका रहेका छन् । तर विडम्बना हामीले कानुन निर्माणमा केन्द्रित हुनुपर्ने अघिल्लो अधिवेशनमा एउटा पनि विधेयकको व्यवस्थापन कार्य पूरा गर्न ऐन बनाउन सकेनौं । यो अधिवेशनमा पनि बजेटबाहेक अहिलेसम्म एउटा मात्र विधेयक पारित गर्न सम्भव भएको छ ।

सम्माननीय अध्यक्षज्यू, कतिपय कानुनहरू विषयवस्तुका दृष्टिकोणले अन्तरसम्बन्धित हुँदा रहेछन् । हामीले धारा ३०२ बमोजिम कर्मचारी समायोजन ऐन ल्यायौं तर धारा २८५ बमोजिम निजामती सेवा ऐन ल्याउन सकेनौं । आफू समायोजन भएर जाने पदको सेवा र सर्तको विषयबारे जानकारी नै नपाई हामीले कर्मचारीलाई समायोजन गऱ्यौं । के त्यो प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित थियो? के हामीले कर्मचारीलाई छनोटको अधिकार दियौं? दिन सकेनौं । किनकि हामीसँग कानुन नै थिएन ।

सम्माननीय अध्यक्षज्यू, शिक्षा विषय त्यस्तै पेचिलो छ । दिनानुदिन बढ्दो सूचनाको प्रविधिको प्रयोग र त्यसको सिर्जना गर्ने तमाम समस्याहरूसँग जुध्नुपर्ने नेपाल प्रहरी, २०१२ सालको कानुनबाट सञ्चालन भइरहेको छ । प्रहरी कर्मचारी समायोजन प्रक्रिया नै पूर्ण हुन सकेको छैन । जनस्वास्थ्यको विषयमा तीन तहका सरकारको जिम्मेवारी र कार्यलाई किटान रूपमा प्रबन्ध गर्न सकिएको छैन । मलाई सम्झना छ, हामीले अध्ययनका क्रममा यस्ता तमाम विषयहरूमा घन्टौं छलफल र विवेचना गरेका थियौं । कतिपय सन्दर्भमा संविधानमा रहेका gap लाई पुर्नका लागि कानुन बनाउनुपर्ने हामीले महसुस गरेका छौं । संविधानले गर्न भनेका काम

कसैले गरेन भने के हुने? संविधान प्रतिकुल नहुने गरी विधायिकाले कानुन बनाउनुपर्ने भनेर हामीले सिफारिस गरेका छौं ।

सम्माननीय अध्यक्षज्यू, अर्को विषय हामीले कानुनलाई एकीकरण गर्नेतर्फ सोच्नै सकेनौं । हरेक विश्वविद्यालयपिच्छे रहेका कानुनहरू, चिकित्सा शिक्षा अध्ययनसँग सम्बन्धित सबै निकायपिछे कानुनहरू एकीकरण गरी विधागत रूपमा एउटै सशक्त कानुन बनाऊँ भनेर सुझाव दिएका छौं । सरकार यस विषयमा गम्भीर बन्ने छ । स्वयम् प्रधानमन्त्रीज्यू पनि उपस्थित हुनुहुन्छ । त्यसले पनि यो कार्यान्वयन हुन्छ भन्ने कुरामा म विश्वस्त छु । वास्तवमा हामीले कानुनको शीर्षकमा मात्रै हेरेका हौं । कानुनको अन्तरवस्तुमा जाने हो भने यस्ता धेरै प्रतिवेदनहरू तयार हुने अवस्थामा छन् । विधायन व्यवस्थापन समितिले ऐन कार्यान्वयन मापनसमेत जिम्मेवारी हुने हुँदा क्रमशः सोतर्फ पनि ध्यान पुऱ्याउन आवश्यक छ भन्ने कुरा म यहाँ सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यू र माननीयज्यूहरूसमक्ष राख्न चाहन्छु । निजामती शिक्षा, प्रहरी जस्ता कानुनहरू पुरानै संरचनामा तयार गरिएका छन् । संविधान जारी भएपछि हामीले शाब्दिक परिवर्तन त गऱ्यौं । श्री ५ को सरकार लेखेकोमा नेपाल सरकार लेख्यौं तर संघीयताको मर्मअनुरूप संस्थागत र संरचनागत परिवर्तन गर्न सकेनौं । संघ, प्रदेश र स्थानीय तहका साझा सूचीका अधिकार सम्बन्धमा संघले कानुन निर्माण समयमै गर्न नसक्दा संघीय लोकतान्त्रिक, गणतन्त्र नै धरापमा पर्ने जोखिम देखिन्छ । नागरिकतासम्बन्धी ऐन निर्माण भयो तर समयमै नियमावली नबन्दा कार्यान्वयनमा आउन नसकेको तितो यथार्थ पनि हाम्रोसामु स्पष्ट छ ।

सम्माननीय अध्यक्षज्यू, यस अवधिमा सरकार र संसदले केही गर्दै नगरेको भने होइन । तथापि सरकार, संसदका प्रयास धेरै सुस्त र अपूर्ण भएको भने अवश्य हो । त्यसैले सुधार गरेर अगाडि बढ्नु अनिवार्य देखिन्छ । म यस अवसरमा सरकारले प्रत्येक वर्ष सुरुमा त्यस वर्षमा प्रस्तुत हुने विधेयकहरूको प्राथमिकीकरण गरेर सूचीसहित वार्षिक क्यालेन्डर बनाई संसदलाई जानकारी गराउनुपर्ने र संसदले पनि सोहीबमोजिम क्यालेन्डर बनाई लागु गरी विधेयक नै निष्क्रिय हुने वा लामो समयसम्म रोकिने अवस्थाको अन्त्य गर्ने गरी समितिले सिफारिस गरेका कानुन निर्माणतर्फ अगाडि बढाउन सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाबाट ८ ओटा विधेयकहरू प्रतिनिधि सभामा गएका छन् । अहिले राष्ट्रिय सभा बिजनेसविहीन बनेको छ । त्यसैले तत्काल यी विधेयकहरूलाई राष्ट्रिय सभामा सन्देश पठाउन म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन

चाहन्छु । त्यसै गरी राष्ट्रिय सभाबाट अत्यन्त महत्त्वपूर्ण विधेयकहरू सर्वसम्मत रूपमा पास भएर गएका थिए । प्रतिनिधि सभा निर्वाचनमा भयो ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय मदन कुमारी शाह (गरिमा) । समय ३ मिनेट । यसपछि माननीय मोहम्मद खालिद ।

(१३:३० बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म विधायन व्यवस्थापन समितिलाई विशेष धन्यवाद दिन चाहन्छु, धेरै मेहनत र अध्ययनपछि संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन ल्याउनुभएकोमा । अत्यन्त व्यस्तताका बाबजुद यस प्रतिवेदनलाई विशेष महत्त्व दिएर सांसदहरूलाई सुन्न यो सभामा पाल्नुभएकोमा म सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, संविधान बनाएर हामीले राजनीतिक अधिकार संस्थागत गरेका छौं । तर संविधान जारी भएको करिब ८ वर्ष पूरा हुँदै गर्दा अझै पनि संविधान प्रदत्त अधिकार जनताले उपभोग गर्न पाएका छैनन् । कारण कानुन नै बनेका छैनन् । संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदनअनुसार कम्तीमा १८१ ओटा कानुन बन्न बाँकी छन् । जसमा संघीय कानुन १५१, २४ प्रादेशिक र ६ ओटा स्थानीय कानुन छन् । १५१ ओटा कानुन, संघीय कानुनहरूमध्ये तत्काल ४० ओटा कानुन नयाँ बनाउनुपर्ने वा संविधानअनुकूल बनाउनुपर्ने अध्ययन प्रतिवेदनले देखाएको छ । संघीय निजामती कानुन नबन्दा प्रशासन सञ्चालनमा गम्भीर समस्या देखिएका छन् । स्थायी सरकार भनेर चिनिने निजामती क्षेत्रमा समस्या हुँदा सरकार राज्य बलियो हुन सक्दैन । शिक्षासम्बन्धी कानुनको अभावमा प्रदेश र स्थानीय तहमा शैक्षिक समस्याहरू छन् । विषयपिच्छे नयाँ नयाँ कानुन बनाउने परम्परालाई हटाउनुपर्ने छ । तसर्थ एकै प्रकृतिका कानुनहरूलाई एउटै सङ्ग्रहमा व्यवस्थित गर्न आवश्यक छ । मौलिक हकमा रहेका जनस्वास्थ्य, नेपाल प्रहरी, महिला, दलितसम्बन्धी धेरै कानुनहरू बनाउन आवश्यक छ । समयमा हामीले परिभाषित काम गर्न सकेनौं भने व्यवस्था नै धरापमा पर्न सक्छ भन्नेमा सरकार गम्भीर हुन जरुरी छ भन्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो मुलुकको सन्दर्भमा हामी नयाँ अभ्यासमा छौं । राज्यशक्तिको प्रयोग गर्ने अधिकार तीन तहमा दिइएको छ । समयमा आवश्यक कानुन नबन्दा धेरै अलमल र अन्योलता छ । राज्यका संयन्त्रहरू स्पष्ट दृष्टिकोणका साथ परिचालित हुन

सकेका छैनन् । कानुनको अभावमा अव्यवस्था बढिरहेको छ । जसलाई जे मन लाग्यो त्यही बोलेको छ । त्यही गरेको छ । कसैले केही पनि नगर्ने र कसैले सीमाभन्दा बाहिर गएर गर्ने र भन्ने भइरहेको छ । तसर्थ सुव्यवस्था कायम गर्न, राज्यका संयन्त्रहरूलाई जिम्मेवार बनाउन र जनतालाई संविधानले प्रदान गरेका अधिकार निर्बाध रूपमा उपभोग गर्ने वातावरण बनाउन विधायन व्यवस्थापन समितिले सुझाएका संविधानअनुसार बन्न बाँकी कानुनहरू यथाशीघ्र बनाउन संसदलाई काम दिन सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, क्यान्सरको रूपमा रहेको भ्रष्टाचार नियन्त्रण र निर्मूल पार्ने अभियानमा कुनै पनि अवस्था नरोकियोस् । यो काम नरोकियोस् भन्न चाहन्छु । अन्तमा सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न विदेश भ्रमण कूटनीतिक सम्बन्धहरूलाई थप प्रभावकारी बनाउन सफल होस्, शुभकामना दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मोहम्मद खालिद । समय ४ मिनेट । यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

(१३:३३ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन तथा विभिन्न जातजाति र पिछडा वर्ग र समुदायको आन्दोलनको फलस्वरूप यो २०७२ को संविधान हो । संघीयता, समावेशिता र धर्मनिरपेक्षतामा आधारित यस संविधानबाट सबै उत्पीडितले आशा लिएका थिए । संविधानको धारा ४२ र ५० को खण्ड २ बाट धार्मिक अल्पसङ्ख्यक तथा शोषणमा परेका समुदाय हर्षित थिए । धारा ४७ ले ३ वर्षभित्र यसलाई कार्यान्वयन गर्ने भनेपछि विश्वास पनि गरे । तर सोअनुसार हालसम्म कानुन बनेन र केही न केही निराशा अवश्य जनतामा आएको छ ।

आज समितिको प्रतिवेदन र सम्माननीय प्रधानमन्त्रीको उपस्थिति र आफैंले जवाफ दिने यो क्रमलाई म सकारात्मक र स्वागतयोग्य ठान्छु । संविधान र कानुन बन्ने यस क्रममा धेरै समुदायले अधिकार पायो । वञ्चितहरूले केही न केही पाएकै छ, सर्वविदित छ । विशेष गरी सबभन्दा जुन मानव विकास सूचकाङ्कले भनिरहेको छ, मुस्लिम समुदाय यस नेपालमा सबभन्दा पछाडि परेका समुदाय हो । यो आज अवस्था के छ भने केही निजामती सेवामा वा अन्य कुनै अवसरमा जाँदाखेरि आज मुस्लिम आफूलाई न त मधेसी लेख्न सक्छ, न मुस्लिम नै लेख्न सक्छ, यो अप्ठ्यारो यो समुदायको लागि आइरहेको छ । त्यो कानुन नबनेको कारणले गर्दा

हो । यो transitional period मा यसको केही व्यवस्था होस् भन्ने म सम्माननीय अध्यक्षद्वारा सम्माननीय प्रधानमन्त्रीसँग मेरो विनम्र अनुरोध छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुल प्रसाद विश्वकर्मा । समय ३ मिनेट । यसपछि माननीय डाक्टर विमला राई पौडयाल ।

**(१३:३६ बजे)** **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्षज्यू, विधायन समितिले जुन यहाँ प्रतिवेदन ल्याएको छ, यो धेरै राम्रो काम भएको छ । आज हामीले संविधान प्राप्त गरेको ७/८ वर्ष भइसक्यो । यस देशका सबै जातजाति, भाषाभाषी, सीमान्तकृत वर्गहरूको पक्षमा संविधानमा उल्लेख भएका अधिकारहरू पनि उपभोग गर्न पाइनरहेको अवस्थामा यो उहाँहरूले जुन काम गर्नुभएको छ, त्यो राम्रो काम भएको छ । र यी तत्काल बन्नुपर्ने कानुनहरू, ऐनहरू बनाएर सम्बन्धित वर्ग, समुदाय, क्षेत्र र लिङ्गहरूको हक अधिकारको उपभोगमा सहजता ल्याउनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु ।

र खास गरेर दलित जातिहरूको हकमा संविधानमा थुप्रै कुराहरू उल्लेख भएका छन् । उहाँहरूले यहाँ एउटा भूमिसम्बन्धी कुरा र आवाससम्बन्धी कुरा चैं उठाउनुभएको छ । त्यसबाहेक पनि दलितहरूको पक्षमा कानुन बन्नुपर्ने थुप्रै बुँदाहरू छन् । त्यसैले ती कुराहरूलाई पनि ध्यान दिइयोस् भनेर मैले यहाँ आफ्नो भनाइ राख्न चाहन्छु । र विशेष गरेर छुवाछुतको उसमा, यो ०६८ को कानुनमा एउटा चिज के संशोधन भएको छ भने जातीय छुवाछुत तथा bracket भित्र अन्य छुवाछुत भनेर त्यसमा जोडिएको छ । त्यसैले यो जातीय छुवाछुतलाई अन्य छुवाछुत भन्नाले छाउपडी प्रथालाई पनि त्यसमा जोडेर जातीय भेदभाव र छुवाछुतको चैं यसको मात्रालाई घटाउने, minimize गर्ने कोसिस गरिएको छ । त्यसैले यो नगरियोस् भन्ने मैले आफ्नो विचार राख्न चाहन्छु । र यसलाई छुट्टै छाउपडी प्रथा अलग हो, त्यसको अलग धारा बनाइयोस् र दलित जातिहरूको, जातिको आधारमा हुने छुवाछुतलाई त्यसमा घालमेल गरेर यसको घनत्वलाई घटाउने र minimize गर्ने काम चैं नगरियोस् भनेर मैले विशेष जोड दिन चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ३ मिनेट । यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१३:३९ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, जहाँ जाँदाखेरि पनि सरोकारवालहरूले जहिले पनि संघले कानुन नबनाएर हामीले अधिकार पाएनौं भनेर गुनासो गरिरहने । र प्रदेशमा जाँदाखेरि प्रदेशले संघले कानुन नबनाएर हामी चल्न सकेनौं अनि संघीयताले गाली खायो भन्ने । अहिलेको यही अवस्थालाई देखेर, सुनेर अनि सांसदले गाली खाने । कहिलेकाहीँ त लोगो नै लुकाएर हिंड्नुपर्छ । मैले प्रधानमन्त्रीज्यू ध्यानाकर्षण गराएँ, अध्यक्षज्यूको मार्फत, सांसदले कानुन बनाउँदैनन्, गफै मात्र चुट्छन्, खाली राजनीतिको मात्रै कुरा गर्छन्, कानुन नभएर हामीले दुःख पायौं भन्ने, तिनै कुरालाई सम्बोधनको लागि यो कानुन मन्त्रालयले अथवा सरकारले गर्नुपर्ने काम हो । तर समितिले गरिदिएको छ, विधायन व्यवस्थापन समितिले, राम्रो काम भएको छ । यसमा अगाडि पनि भनिसक्नुभा'को छ, १८१ वटा बन्नुपर्नेमा, अझ धेरै बन्न बाँकी नै छन् भन्ने कुरा छ । म त्यतातिर जाँदिनँ ।

मुख्य अप्ठ्यारो हामीले देखिरहेका छौं । शिक्षासम्बन्धी संघीय कानुन नहुँदाखेरि शिक्षाको अवस्था अहिले कहाँदेखि कहाँ पुगेको छ । निजामती सेवा ऐन नबन्दाखेरि कर्मचारीहरू प्रदेशमा छैनन्, स्थानीय तहमा छैनन् । भएका कर्मचारीहरू central प्रति, केन्द्रप्रति, संघप्रति जवाफदेही छन्, यतापट्टि जिम्मेवार छन् । त्यसले गर्दा तल काम भइरहेको छैन । काम नभएपछि सेवाप्रवाह प्रभावित हुन्छ, सेवा प्रवाह नभएपछि संघीयताको बदनाम हुन्छ । अहिले भइराखेको त्यही छ । त्यसले गर्दाखेरि यतातिर एकदमै धेरै ध्यान दिनुपर्ने देखिन्छ । तीनटा मुख्य कुराहरू छन्:- एउटा नयाँ बनाउनुपर्ने छ, पुरानालाई replace सै गर्नुपर्ने खालका कानुनहरू पनि छन्, एकीकरण गर्नुपर्ने खालका कानुनहरू छन् । र त्यसपछि चैं बनेका कानुनहरू कार्यान्वयनलाई चुस्त बनाउनुपर्ने कामहरू पनि छन् । यसरी चैं यो प्रतिवेदनमा एकदम राम्रोसँग आ'को छ ।

मेरो खालि प्रश्न अब कस्तो छ भने प्रदेश र स्थानीय तहमा संघीयताअनुसारका संरचना र पदाधिकारीहरू भए । अझ गठबन्धन भइसकेपछि त सबैको भाग पुऱ्याउनुपर्ने अनि घरमा, घरका पनि भित्ता भित्तामा, झ्याल झ्यालमा मन्त्रालय फुटाएर भए पनि राख्नुपर्ने अवस्था भयो । संरचना यसरी बढ्यो, पदाधिकारी त्यसरी नै बढे, सेवा सुविधा त्यसरी नै बढ्यो । तर जनतामा पुग्नुपर्ने सेवा सुविधा चैं कानुनको अभावमा पुगेन, कर्मचारीको अभावमा पुगेन, बजेटको अभावमा पुगेन । त्यसले गर्दाखेरि संघीयता पूरैसँग बदनाम भइराखेको छ । प्रश्न छ, सम्बन्धित मन्त्रालयले आफूले बनाउने कानुन किन बनाउँदैनन्? काम नगर्ने मन्त्रालय, सरकार, गाली खाने संसद किन हो? अनि संसद बन्छ भनेर हल्ला हुने अनि खुलेपछि चैं संसद बन्द छ भनेर हल्ला गर्ने, खुलेपछि कानुन नै आउँदैन, कानुन नबनेपछि हामीले केमा काम गर्ने हो? र मेरो अनुरोध

चैं कानुन मन्त्रालय र सरकारले अहिले हामीले बनाएको यो प्रतिवेदनलाई अगाडि राखेर सकेसम्म छिटोभन्दा छिटो आफ्ना आफ्ना भागमा पर्ने कानुनका draft हरू यहाँ ल्याउनुपर्‍यो । हामी रातभरि यहीं बसेर भए पनि हाम्रो काम सिद्ध्याउँछौं । तर सरकारले काम चैं गर्न पर्‍यो भनेर मेरो अनुरोध गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय ३ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

**(१३:४३ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी विधायन व्यवस्थापन समितिले जुन प्रतिवेदन हाम्रोबिचमा ल्यायो, त्यहाँ रहेका विषय, अन्तर विषयवस्तुको विषयमा हामीले विचारहरू राखिरहँदा यो समितिले असाध्यै मेहनतका साथ सबैले आफ्नो स्वामित्व ग्रहण गर्ने गरी यो प्रतिवेदन ल्याउनुभएको छ । त्यसो हुनाले म यो समितिलाई विशेष धन्यवाद दिन चाहन्छु । यो प्रतिवेदन समितिले ल्याउने र पेस गर्ने, हामीले विचार राख्ने मात्र नबनोस् । यो प्रतिवेदन सरकारले ग्रहण गर्न योग्य, स्वामित्व ग्रहण गर्न योग्य र सरकारको एउटा अङ्ग बनोस् भन्ने हाम्रो चाहना छ । अवश्य पनि सम्माननीय अध्यक्षमार्फत म प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गर्न चाहन्छु । यो सरकारको एउटा अङ्ग बनोस् र यसले पूर्णता पाओस् भन्ने कुरा चैं म सर्वप्रथम राख्न चाहन्छु ।

हामीले २०७२ को संविधान जारी गर्‍यौं । संविधानको मूल पेजमै हामी कुनै पनि भूगोलको आधारमा, जातको आधारमा कसैलाई पनि विभेद गर्दैनौं भनेर हामीले भन्यौं । सबैका अधिकारहरूलाई सुनिश्चित गर्नका निम्ति हाम्रा मौलिक हकको पनि हामीले स्थापना गर्‍यौं । तर आज हाम्रो राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय थारू आयोग, राष्ट्रिय मुस्लिम आयोग, विभिन्न आयोगहरू जुन हाम्रो संविधानले परिकल्पना गरेअनुसार सम्बोधन गर्न नसकेका क्षेत्रलाई आआफ्नो आयोगहरू मार्फत हामीले उहाँहरूको अधिकारहरूलाई सुनिश्चित गर्नको निम्ति यो आयोगहरूको परिकल्पना गर्‍यौं, निर्माण गर्‍यौं । आज हामीले यो आयोगभित्र पसेर हेर्दा कुनै आयोगहरूको पूर्णता छैन । न कर्मचारीको छ एवम् त्यहाँ बस्ने सदस्यको सेवा सुविधाको कुरा पनि पूर्णता छैन । त्यसो भएको हुनाले यो अधुरो हुँदा समावेशी कुरा पछाडि पर्छ भन्ने कुरा ध्यान दिन जरुरी छ ।

र बत्ती बलिसकेको छ, त्यसैले म छोटो कुरा अर्को के गर्न चाहन्छु भने जति पनि अहिले बनेका चिजहरू छन्, चाहे २०६३ मा बनेको सैनिक ऐनका कुरा गरौं, चाहे राजनीतिक दलसम्बन्धी २०७३ को कुरा गरौं, सबै कुरा गर्दा पनि आज अधुरै भएको कारणले अराजकता मौलाएको छ । नागरिक समाज मात्रै होइन, जनप्रतिनिधि पनि अराजकतिर उन्मुख भएको हामीले देखिरहेका छौं । सबै सबैलाई बाँध्ने, सबै सबैलाई उठाउने, देशको निम्ति उभ्याउने भनेको कानुनमै हो । त्यसो भएको हुनाले यसलाई पूर्णता दिन अत्यन्तै जरुरी छ भन्ने लाग्छ ।

र अर्को कुरो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती" । सयम ५ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१३:४६ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, विधायन व्यवस्थापन समितिद्वारा यस सभामा पेस भएको संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि सम्माननीय प्रधानमन्त्रीज्यूकै समुपस्थितिमा हामी छलफलमा छौं । अध्यक्ष महोदय, हामीले गणतन्त्र प्राप्त गर्‍यौं, संविधान जारी गर्‍यौं, गणतन्त्रको मर्म र संविधानको व्यवस्थाअनुसार समयमै सरकारले आवश्यक कानुन निर्माणमा चासो नदिंदा, ध्यान नपुर्‍याउँदा हाम्रो व्यवस्था र सरकारको कार्यशैली र व्यवहारमाथि आज प्रश्न उठेको छ ।

जनताको दैनिकी कष्टकर बन्दैछ, गरिब नागरिक भोक र रोगले मर्नुपरेको छ, हत्या, हिंसा र निराशाका घटना दैनिक बढ्दो छ । सरकार संवेदनशील, गम्भीर बन्न जरूरी छ । कानुन निर्माण गर्ने संसद, काम नपाएर, business नपाएर खाली बस्नुपर्ने अवस्था आएको छ । एकातिर झण्डै १८१ भन्दा बढी तीन तहको कानुन निर्माण गर्नुपर्ने अवस्था छ भने अर्कोतिर संसद बिजिनेस नपाएर सांसदहरू खाली बस्नुपरेको अवस्था छ, म यसतर्फ ध्यानाकर्षण गराउन चाहन्छु । संसदलाई बिजिनेस दिन, संसद सुचारू गर्न सरकार किन संवेदनशील बनेको छैन? म सम्मानित प्रधानमन्त्रीज्यूसँग प्रश्न गर्न पनि चाहन्छु ।

यस अध्ययन प्रतिवेदन धेरै नै मेहनत गरेर आएको छ । यो प्रतिवेदनलाई कार्यान्वयनलाई सरकारले ध्यान पुर्‍याउन म अनुरोध गर्न चाहन्छु । संघीयता कार्यान्वयनको महत्त्वपूर्ण मानिने साझा अधिकार सूचीका कानुन नबन्दा प्रदेश र स्थानीय तहहरूमा समस्या भएका छन्, अलमल भएका छन्, विकास निर्माणमा कठिनाइहरू भएका छन् ।

संघीय शिक्षा ऐन संसदभित्र छिर्न नपाउँदै किन विवादास्पद बन्यो? सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा यो विधेयकका सन्दर्भमा आएका अभिव्यक्तिले आज आशङ्काहरू जन्माएको छ । संसद प्रवेश नगर्दै किन यसो भइरहेको छ? यो कसको कमजोरी हो? यसको पनि म जवाफ चाहन्छु ।

संघीय संसद सचिवालयसम्बन्धी, संघीय संसद सचिवालयसम्बन्धी ऐन, २०६४ धेरै पुरानो छ । समय सान्दर्भिक नहुँदा वर्तमान अवस्थामा संघीय संसद सचिवालयको reform को जरूरी छ र थुप्रै सुधारको जरूरी छ । आज संसद प्रभावकारी नहुँदाखेरि सांसदमाथि प्रश्नहरू उठेको छ । संसद, संसदका गतिविधि प्रभावकारी हुन सकेको छैन । यस सन्दर्भमा तत्काल कानुन निर्माण गर्नको लागि पनि म ध्यान आकर्षण गर्न चाहन्छु । कानुन निर्माण संघीय संसद अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभाको समान भूमिका हो भन्ने मलाई लाग्छ तर सरकारले बिना कारण राष्ट्रिय सभामा दर्ता भएका विधेयकहरू फिर्ता लाने काम भएको छ । अर्को सदनमा लगेर दर्ता गर्ने काम भएको छ । राष्ट्रिय सभाले मेहनत गरेर यहाँबाट प्रतिनिधि सभामा पठाएका ८ ओटा हाम्रा विधेयकहरू प्रतिनिधि सभामा कुन अवस्थामा छ? म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । त्यस्तै गरेर राष्ट्रिय सभाले पारित गरेर पठाएको ५ ओटा विधेयक जो अत्यन्तै महत्त्वपूर्ण विशेष सेवा विधेयक, २०७६ लगायत ५ ओटा विधेयकहरूको अवस्था शून्यतामा गा'को छ । यो धेरै खर्च भएर यो सभाले सर्वसम्मत पास गरेका त्यस्ता विधेयकहरू सरकारले प्रतिनिधि सभामा रहेका, निष्क्रिय भएका विधेयकहरू सरकारले ल्याएर फेरि यसलाई अगाडि बढाउनको लागि पनि म ध्यान आकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हामी विकास र समृद्धिको कुरा धेरै गर्छौं, काम र नजिताहरू निराशाजनक छन् । अहिले पनि हामीसँग २०१३ सालका विकास ऐन, २०२९ सालका निकुञ्ज ऐन, २०६३ सालका सार्वजनिक खरिद ऐन छ । यसले हाम्रा विकास निर्माणमा धेरै अप्ठ्याराहरू आएका छन् । राष्ट्रिय गौरवका आयोजना, साथै विकास र समृद्धिलाई अगाडि बढाउनका लागि सरकारले अगाडि बढाएका २४ ओटा राष्ट्रिय, राष्ट्रिय गौरवका आयोजनाहरू अहिले कार्यरत छन् । तर एउटा सामान्य आयोजना र ..... महत्त्वका राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्ने हाम्रो एउटै कानुनी व्यवस्थाले गर्दा आज राष्ट्रिय गौरवका आयोजनाहरूका समयमा हुनुपर्ने प्रगति हुन सकिरहेको छैन, उपलब्धि प्राप्त गर्न सकिरहेको छैन । हाम्रा लागत खर्चहरू बढ्दै गएको छ । हामीले धेरै अगाडिदेखि राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्न छुट्टै कानुनको व्यवस्था गर्न सरकारलाई माग गरेका थियौं । मलाई सम्झना छ, तत्कालीन केपी ओली सरकारको पालामा राष्ट्रिय प्राथमिकताप्राप्त महत्त्व तथा आयोजनासम्बन्धी विधेयक प्रतिनिधि

सभामा पेस भएको थियो, विकास समितिमा छलफल भएको थियो । त्यो त्यतिकै निष्क्रिय गा'को छ । आज यो ऐन नहुँदा हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू अलपत्र परेको अवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, आज सम्माननीय प्रधानमन्त्रीज्यूकै अध्यक्षतामा रहेका थुप्रै कानुनी संरचनाहरू सक्रिय हुन सकेका छैनन् । कतिपय सक्रिय भएर निर्णय गरेका निर्णय कार्यान्वयनमा आज जागरूकता आएको छैन । सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा रहेका र निर्णय गरेका कार्यान्वयनमा आज कार्यान्वयनमा चाहिँ उदासीनताहरू आएका हामीले समाचारहरू हामीले पढिरहेका छौं । आज किन यसो भइरहेको छ? म सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु ।

सँगसँगै हाम्रा छिमेकी राष्ट्रहरूले हाम्रा, हाम्रो स्वाधीनतामाथि, हाम्रो भूगोलमाथि आज अनेक कोणबाट प्रश्नहरू उठाइरहेका छन् । चाहे भारतका सन्दर्भमा उठेका सवाल, उठाएका कुरा हुन, चाहे मित्रराष्ट्र चीनले नक्साको सन्दर्भमा उठाएको कुरा, यसमा सरकारको कूटनीतिक पहल कमजोर भएको हो कि? हाम्रो, हाम्रो स्वाधीनतामाथि प्रश्न उठेको छ, यसतर्फ सरकारले ध्यान दिन, हाम्रो परराष्ट्र नीतिअनुसार हाम्रो अगाडि बढ्नका लागि म ध्यानाकर्षण ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलबासे । सयम ६ मिनेट ।

(१३:५१ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान धेरै पटक बन्यो । हामीलाई थाहा छ, नेपालका सात ओटा संविधानहरू निर्माण गर्दाखेरि त्यहाँ छ ओटा संविधान निर्माण गर्दासम्म नेपालमा राजसंस्था थियो । कहिले जहानियाँ राणा शासन थियो त, कहिले एउटा पारिवारिक ढङ्गले चल्ने सामन्ती निरङ्कुश राजतन्त्र थियो । र त्यसलाई परिवर्तन गर्दै पटक पटक हरेक आन्दोलनको उपलब्धिको रूपमा हामीले नयाँ संविधानहरू निर्माण गरेका छौं । कहिले काहिँ राजाले हस्तक्षेप गरेर, राजतन्त्रले किचेर बनाएका नेपालका संविधानहरू पनि नेपालमा थिए र विगतमा छन् ।

र अहिले हामीले ०४७ सालमा एउटा ठुलो, ०४६ सालको ठुलो आन्दोलन पछाडि ०४७ सालमा एउटा संविधान बनायौं, त्यसलाई हामीले प्रगतिशील र राम्रो नेपालको संसारको राम्रो संविधान बनायौं भनेर भन्यौं तर पनि नेपाली जनताका हक, अधिकारहरू त्यसमा व्यवस्थित हुन सकेनन्, अधिकार सम्पन्न गर्न सकिएन र त्यसका हस्ताक्षरकर्ता कमरेड निर्मल लामाले

आफ्नो जनताका अधिकारहरूलाई हस्ताक्षर गर्न सकिन भनेर बाहिर जनता सामु प्रस्तुत गर्नुभएको थियो । उहाँले त्यो संविधान निर्माणको तहमा चाहिँ वहाँले आफुले आत्मालोचना पनि गर्नुभएको थियो । त्यस्ता जनताका अधिकारहरूलाई सुनिश्चित गर्नका लागि नेपाल कम्युनिष्ट पार्टी, माओवादीले जनयुद्ध सुरू गऱ्यो । एकातिर जनयुद्ध र अर्कोतिर सात पार्टी र अनेक आन्दोलनहरूको एउटा समुच्च आन्दोलनको रूपमा ०६२/०६३ को आन्दोलन अगाडि बढ्यो र ०६२/०६३ को आन्दोलनले एउटा परिवर्तन, अग्रगामी परिवर्तन ल्यायो र दुवै युद्धरत कम्युनिष्ट पार्टी, माओवादी र सबै राजनीतिक दलहरूको एउटा संयुक्त आन्दोलनको रूपमा ०६२/०६३ को जनआन्दोलन हाम्रो अगाडि आएको थियो । र त्यसले थुप्रै परिवर्तनहरू ल्यायो, त्यही अनुरूप नेपालमा अन्तरिम संविधान बनाएर २०७० सम्म नेपालमा चाहिँ अन्तरिम संविधान लागु गऱ्यौं । ०७२ सालसम्म लागु गऱ्यौं । र त्यसमा दुई ओटा संविधान सभाको निर्वाचन गरी संविधान सभाको निर्वाचनबाट बनेको निर्वाचन समितिले, संविधान सभाले, नेपालमा नेपालको कानुन, नेपालको संविधान बनायौं । र त्यसमा थुप्रै जनताका अधिकारहरूलाई हामीले सुनिश्चित गरेका छौं । मौलिक हकमा थुप्रै, थुप्रै अधिकारहरू सुनिश्चित भएका छन् र यो लचिलो संविधान बनाएका छौं । यसमा थप उपलब्धिका लागि आन्दोलन गर्न पर्दैन, दुई तिहाइले यसलाई संशोधन गर्न सकिन्छ ।

संवैधानिक, राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको व्यवस्था छ । स्थानीय सरकारको स्थायी सरकारको अवधारणको लागि निर्वाचन भएको दुई वर्षसम्म यसलाई यसमा यो अविश्वासको प्रस्ताव ल्याउन पनि पाइँदैन भन्ने कुराहरू पनि छन् । विगतमा थुप्रै सरकारहरू स्थायी ढङ्गले चल्न नसकेपछि देशमा अस्थिरता कायम भइरहेको अवस्थालाई अवगत गर्दै यसरी व्यवस्था गरिएको थियो । यो समावेशी प्रतिनिधित्वको लागि यसमा मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । Upper house, lower house दुइटा, दुई सदनात्मक व्यवस्था छ । राष्ट्रिय सभामा त्यसमा पनि उपस्थिति नपुग होला भनेर चाहिँ हामीले चाहिँ मनोनीतको पनि तीन जना सदस्यलाई मनोनीत गर्ने व्यवस्था छ । यसरी हामीले एउटा अग्रगामी नेपालको संविधान बनायौं । नेपाल धर्मनिरपेक्ष राज्य हुने छ भनेर त्यसैमा, त्यसका विशेषताहरूमा राखिएको छ र सांस्कृतिक संरक्षणहरू पनि त्यसमा गरिएको छ । धार्मिक, सांस्कृतिक स्वतन्त्रता छ । मौलिक हकलाई त्यहाँ व्यवस्थित ढङ्गले लेखिएको छ र महिला र दलितका थुप्रै असमानताहरूलाई मेट्नका लागि त्यहाँ कानुन बनाएर लागु गरिनेछ भनेर व्यवस्था गरिएको छ ।

हामीले विगतदेखि लामो समयदेखि महिला आन्दोलनको एउटा एजेन्डा नागरिकताको एजेन्डा थियो । अंश र वंशको अधिकार हुनुपर्छ भनेर हामीले आन्दोलन उठाइराखेका थियौं ।

संविधानले त्यसलाई सम्बोधन गर्न सकेको छ र नागरिकता ऐनले पनि त्यसलाई केहीसम्म सम्बोधन गर्न सकेको छ । यसरी थुप्रै आन्दोलनका उपलब्धिको रूपमा हामीले बनाएको नेपालको संविधानमा हामीले भनेका छौं । निष्पक्ष र सक्षम न्यायपालिका हुने छ । कानुनी राज्य हुने छ । लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहँदै समृद्ध राष्ट्र निर्माण गर्ने त्यहाँ प्रतिबद्धता जाहेर गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति र सुशासन, विकास र समृद्धिको आकाङ्क्षा यसै संविधानको प्रस्तावनामा उल्लेख गरिएको छ । यस्तै गरेर अधिकारहरूलाई सुनिश्चित गर्नका लागि थुप्रै कानुनहरू, नयाँ कानुनहरू तीन वर्षभित्र बनाइनेछ भनेर भनियो तर तीन वर्षभित्र बनाउन, बनाउन प्रयत्न पनि गरियो । र तीन तह यस अगाडि दुई तह पार गरेर हामी तेस्रो चरणमा हामी हिडिरहेका छौं । ०७२ मा संविधान बनिसकेपछि दुई वर्ष कानुन बनाउने काममा व्यवस्थापिकाले काम गर्‍यो । त्यसपछाडि निर्वाचित व्यवस्थापिकाले फेरि थप कानुनहरू बनायो र अझै पनि अपुग कानुनहरू १८० ओटा कानुन हामीले listing गरेका छौं र त्यसमा प्राथमिकताक्रम तोक्नका लागि सरकारले सक्ने छ । आआफ्नो, आआफ्नो मन्त्रालयमा के के आवश्यक छन् । विभागहरूले कस्तो कानुनको आवश्यकता छ, त्यो आफैंले गर्न सक्नुहुने छ । र यसरी संविधानअनुसार कानुनहरू बनाउनका लागि, ल्याउनका लागि हामी सरकारलाई अनुरोध गरिरहेका छौं । र त्यही दस्तावेजमा सबै एकै ठाउँमा हामीले काम गरेर एउटा एकमुष्ट document हामीले बनाएका छौं । ..... (समय सकिएको ।)

**(१३:५७ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१४:०९ बजे)** **सम्माननीय प्रधानमन्त्री श्री पुष्प कमल दाहाल "प्रचण्ड"**ः- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिला त नेपालको संविधानबमोजिम बन्न बाँकी कानुनहरूको विस्तृत अध्ययन र विश्लेषण गरी संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० तयार गर्नुहुने विधायन व्यवस्थापन समितिका माननीय सभापति तथा माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । र आज यसै सन्दर्भमा १० जना माननीय सदस्यहरूले

आफ्ना धारणाहरू र सरकारलाई सुझाव र टिप्पणीहरू राख्नुभएको छ । आज मैले प्रत्यक्ष तपाईंहरूको कुरा सुन्ने अवसर पनि प्राप्त गरें । आजका सबै वक्ता माननीय सदस्यहरूलाई पनि म विशेष धन्यवाद भन्न चाहन्छु । नेपालको संविधान जारी भएको ८ वर्ष व्यतित भइसक्दा पनि कतिपय विषयमा संविधानबमोजिम कानुन बन्न नसकेको यथार्थ हाम्रासामु रहेको छ । यस सन्दर्भमा विधायन व्यवस्थापन समितिले गरेको अध्ययन र सोको आधारमा सुझाव तथा सिफारिस समावेश गरी छलफलका निम्ति प्रस्तुत गरेको यो प्रतिवेदनले कानुन निर्माणका लागि नेपाल सरकारलाई महत्वपूर्ण मार्गदर्शन गरेको मैले महसुस गरेको छु।

अध्यक्ष महोदय, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गरेको नेपालको संविधान जारी भएसँगै विभिन्न विषयमा यथाशीघ्र कानुन निर्माण हुनुपर्ने हो नै । यही आवश्यकतालाई महसुस गरी नेपाल सरकारले संविधान कार्यान्वयन कार्ययोजना बनाई कानुन निर्माणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको पनि छ । संविधान कार्यान्वयन गर्न बनाउनुपर्ने कानुनहरूको पहिचान तथा प्राथमिकीकरण गरी अधिकांश कानुनहरू निर्माण भई पनि सकेका छन् । मौलिक हक कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन निर्माण तथा सुधारको कार्य मूलभूत रूपमा सम्पन्न भइसकेको छ । नेपालको संविधान जारी भएपश्चात् हालसम्म नयाँ र संशोधनसमेत गरेर १९१ वटा ऐन निर्माण भएको अवस्था छ । साथै, विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनबाट प्रचलित कानुनहरूलाई नेपालको संविधान अनुकूल बनाउने कामसमेत सम्पन्न गरिएको छ । नेपाल सरकारले संघीय संसदमा पेस गरेका विभिन्न पन्ध्रवटा विधेयक संसदीय प्रक्रियामा रहेका छन् । यसै गरी संविधान कार्यान्वयनसँग सम्बन्धित संघीय निजामती सेवा विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयकलगायतका महत्वपूर्ण विधेयकहरू छिट्टै संघीय संसदमा पेस गर्ने गरी सरकारले प्रक्रिया अगाडि बढाइरहेको समेत सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । यहाँ माननीय सदस्यहरूले शिक्षासम्बन्धी कुरा उठाउनुभयो । बाहिरबाट दबाब आएपछि फेरि फेरेको भन्ने सत्य होइन । मन्त्रिपरिषद्मा शिक्षासम्बन्धी विधेयक प्रस्तुत हुँदै गर्दा म आफैंले हेरेर यो original विधेयकभन्दा केही फरक ढङ्गले आयो । यसको पुनः अध्ययन गरेर, परिमार्जन गरेर मात्रै लानुपर्छ भनेपछि पनि २/३ दिन आन्दोलनको रूप देखिएको हो । म यो कुरा प्रष्ट गर्न चाहन्छु । त्यस्तै संघीय निजामती ऐन, यो पहिलाको सदन हुँदैखेरि राज्य व्यवस्था समितिबाट पारित भएर सरकारकोमा पुगेको थियो र सरकारले यसलाई आवश्यक परिमार्जन गरी अगाडि बढाउन ढिला भएको पक्कै पनि हो । अहिले संघीय निजामती ऐनलाई अन्तिम रूप दिइएको

छ । सम्भवतः म अहिले फेरि पूरै त भन्न सक्दिनँ, भोलिको मन्त्रिपरिषद्को बैठकबाट त्यसलाई पारित गरेर सदनसमक्ष चैं प्रस्तुत गर्ने सरकारको तयारी रहेको जानकारी गराउन चाहन्छु ।

नेपालको संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका तथा विकास निर्माणका कार्यसँग सम्बन्धित कतिपय कानुनहरू निर्माणको प्रक्रियामा छन् । केही विधेयकहरू अघिल्लो प्रतिनिधि सभामा पेस भई सो सभाको कार्यकाल समाप्त भएका कारण स्वतः निष्क्रिय भएको हुँदा त्यसरी निष्क्रिय भएका विधेयकहरूलाई पुनः संसदमा पेस गर्नका लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको जानकारी पनि मैले सम्मानित सदनलाई गराउन चाहन्छु।

विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा औंल्याइएको नागरिकतासम्बन्धी कानुनको सम्बन्धमा २०८० जेठ १७ गते प्रमाणीकरण भएको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ जारी भइसकेको सन्दर्भमा नागरिकता प्राप्तिसम्बन्धी संवैधानिक अधिकारको प्रचलनका लागि मार्गप्रशस्त भएको छ । कानुनी सहायतालाई प्रभावकारी र संघीय संरचना अनुकूल बनाउने सन्दर्भमा नेपाल सरकारले एकीकृत कानुनी सहायता नीति, २०७६ जारी गरेको छ । नेपालको संविधान र नेपाल सरकारले अङ्गीकार गरेका नीतिबमोजिम निःशुल्क कानुनी सहायतासम्बन्धी छुट्टै विधेयक तर्जुमा गरी संघीय संसदमा पेस गर्न नेपाल सरकार क्रियाशील रहेको जानकारी पनि म गराउन चाहन्छु ।

प्रतिवेदनमा औंल्याइएको संघ, संस्था खोल्ने स्वतन्त्रतासम्बन्धी विषयलाई संस्था दर्ता ऐन, २०३४ र कम्पनी ऐन, २०६३ ले व्यवस्था गरेको सन्दर्भमा संघ, संस्थाको दर्ता तथा सञ्चालनलाई संघीयता अनुकूल बनाउनका लागि नयाँ विधेयक तर्जुमाको गृहकार्य हुँदै गरेको जानकारी पनि म गराउन चाहन्छु । साथै, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई महिलाको हकका विभिन्न आयामहरूलाई समेट्ने गरी परिमार्जन गर्ने कार्य सुरु भइसकेको छ । भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्रिय भूमि आयोग क्रियाशील रहेको समेत यस सदनलाई जानकारी गराउन चाहन्छु ।

सञ्चारसम्बन्धी हकको प्रचलनका सन्दर्भमा मिडिया काउन्सिल, आमसञ्चार माध्यमसम्बन्धी, सूचना प्रविधि विधेयकहरू तयारीको क्रममा रहेका र अनलाइन सञ्चारमाध्यमको दर्ता र नियमनसम्बन्धी विषय केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा समावेश भएकोमा सो विधेयक संसदीय प्रक्रियामा रहेको जानकारी पनि म गराउन चाहन्छु । क्षतिपूर्ति सम्बन्धी विषय मुलुकी देवानी संहिता, २०७४ द्वारा व्यवस्थित छ भने फौजदारी कसुरका पीडितलाई क्षतिपूर्ति

दिने विषय मुलुकी अपराध संहिता, २०७४ ले समेटेको पाइन्छ। उक्त संहिताहरूले नसमेटेका विषयका हकमा कानुन निर्माणका लागि थप अध्ययन तथा छलफल आवश्यक पर्ने देखिएको छ ।

नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्ने सन्दर्भमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । यसै गरी आमनागरिकलाई रोजगारी सुनिश्चित गर्नका लागि सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमलगायतका विषयगत कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँसम्म सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य काममा लगाउन सक्ने विषय छ, सो सम्बन्धमा थप अध्ययन र छलफलका आधारमा निष्कर्षमा पुग्नुपर्ने देखिन्छ । यसै गरी स्वास्थ्यसम्बन्धी मौलिक हकको प्रचलन र व्यवस्थापनका निमित्त जनस्वास्थ्यसम्बन्धी कानुनहरूलाई एकीकृत गर्ने विषयमा थप अध्ययन र छलफल गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

प्रतिवेदनमा उठान गरिएका संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका सर्तसम्बन्धी विषय, प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी विषय, सरकारी वकिल तथा महान्यायाधिवक्ताको कार्यालयको मातहतका कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका सर्तसम्बन्धी विषयका सन्दर्भमा संघीय निजामती सेवासम्बन्धी कानुन जारी भएपश्चात् कानुन निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्था रहेको छ । प्रहरी प्रशासनसम्बन्धी कानुनलाई संघीयता अनुकूल बनाउनका लागि नेपाल सरकारले आवश्यक गृहकार्य गरिरहेको छ । प्रहरी समायोजन ऐन अगि नै बनिसकेको छ । त्यसको कार्यान्वयनमा रहेको केही जटिलतालाई हल गरेर कार्यान्वयनमा लैजाने तयारीमा सरकार रहेको जानकारी गराउन चाहन्छु ।

यसै गरी विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी छाता कानुन निर्माण गर्ने विषय, जग्गा प्राप्तिसम्बन्धी विषयलगायतका कतिपय विषयमा विधेयक तयार गर्नेतर्फ आवश्यक कार्य सुरु भइसकेको कुरा पनि म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । करसम्बन्धी कानुनहरू एकीकृत गर्ने विषयको सम्बन्धमा नेपाल सरकारले आवश्यक गृहकार्य प्रारम्भ गरिसकेको जानकारीसमेत सदनसमक्ष गराउन चाहन्छु । प्रतिवेदनमा सपथसम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता औँल्याइएको सन्दर्भमा सपथसम्बन्धी ऐन, २०७९ ले सार्वजनिक पद धारण गर्ने प्रत्येक व्यक्तिको पद तथा गोपनीयताको सपथलाई व्यवस्थित गरिसकेको जानकारी गराउँदछु । प्रतिवेदनमा औँल्याइएको राष्ट्रपतिको कार्यसम्पादनलाई थप स्पष्ट गर्ने विषय, महाअभियोगसम्बन्धी विषय, संघीय संसदसँग सम्बन्धित विषय, राष्ट्रपतिबाट विधेयक

प्रमाणीकरणसम्बन्धी विषय, अदालतको अवहेलनामा कारबाही चलाउने विषय, जनमत सङ्ग्रहसम्बन्धी विषयमा कानुन निर्माण गर्ने सन्दर्भमा थप अध्ययन, समन्वय र छलफलमार्फत टुङ्गोमा पुग्नुपर्ने देखिएको छ । साथै, अदालत र न्याय प्रशासनसम्बन्धी विषयमा सर्वोच्च अदालतसँग परामर्श गरी आवश्यक कानुन निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने आवश्यकता पनि रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, देशमा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी विधिको शासन कायम गर्न आवश्यक पर्ने कानुनी संरचनाहरु निर्माणमा सरकार क्रियाशील त रहेको छ । संविधान कार्यान्वयनका लागि आवश्यक कानुनहरू निर्माण गर्दै त्यसको प्रभावकारी कार्यान्वयनमार्फत आमनागरिकलाई सुशासन, सामाजिक न्याय र समृद्धिको अनुभूति गराउने जिम्मेवारी सरकार, संसद र सरोकारवाला निकायको हो । यसका लागि नेपालको संविधानबमोजिम बन्न बाँकी कानुन निर्माण गर्न नेपाल सरकार प्रतिबद्ध र क्रियाशील रहेको जानकारी गराउँदै विधायन व्यवस्थापन समितिले प्रस्तुत गरेको प्रतिवेदन, सो प्रतिवेदनउपरको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूलाई पुनः हार्दिक धन्यवाद दिन चाहन्छु । र यसले सरकारलाई संविधानअनुसार कानुन निर्माण गर्ने प्रक्रियामा नयाँ शक्ति प्रदान गरेको मैले महसुस गरेको छु । यति भन्दै म बिदा हुन्छु । धन्यवाद, अभिवादन ।

(१४:०९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, सुव्यवस्थित रूपमा राज्य सञ्चालन गरी सुशासन कायम गर्न संघीयताको कार्यान्वयन प्रभावकारी रूपमा गर्न, कानुनी रिक्तता पूरा गर्न साथै संविधानको कार्यान्वयनलाई समेत पूर्णता दिन "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० मा उल्लेखित बन्न बाँकी कानुनहरूको तर्जुमा गरी प्राथमिकताको आधारमा संसदमा पेस गर्न तथा उक्त प्रतिवेदनमा समावेश भएका अन्य सुझावहरूसमेत कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन गर्दछु । सरकारले सभाको यस निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्ने नै छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल भदौ २४ गते आइतवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल भदौ २४ गते आइतवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:१० बजे ।**